## यो आकाशवाणी हो.... १५.०६.२०२६

### मुख्य समाचार

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज ब्रातिस्लावामा स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिको सँग संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मुक्त व्यापार सम्झौताको सफल समापन, भारत-युरोपेली आर्थिक सम्बन्धमा महत्वपूर्ण हुने भन्दै यसले भारत र स्लोभाकिया बीच द्विपक्षीय आर्थिक सहयोगका नयाँ अवसरहरू खोल्ने बताउनुभयो।

2. केन्द्रीय वित्त मंत्री निर्मला सीतारामनले देशमा पर्याप्त खाद्यान्न भण्डार रहेको र ईएल निनोको दुष्प्रभाव भएतापनि खाद्यान्नको अभाव नहुने बताउनुभएको छ।

3. अमेरिका र ईरान बीच एक सय सात दिन देखि जारी युद्ध समाप्त गर्नको लागी समझौता भएको छ।

4. उत्तरप्रदेशको जेवरमा रहेको नोएडा अन्तर्राष्ट्रिय विमानस्थलले आज देखि व्यावसायिक उडान सञ्चालन शुरु गरेको छ।

5. सरकारले भनेको छ, सबै तेल शोधक संयंत्रहरू पर्याप्त कच्चा तेलको भण्डारसहित उच्च क्षमतामा सञ्चालनमा छन् ।

6. फिफा विश्वकप 2026 मा, आज अमेरिकाको एटलान्टा स्टेडियममा ग्रुप H को मैचमा स्पेनले काबो वर्डे विरुद्ध खेल्नेछ। खेल भारतीय समय अनुसार राति 9:30 बजे शुरु हुनेछ।

---------

प्रधानमन्त्री - स्लोभाकिया

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-युरोपेली मुक्त व्यापार सम्झौतामा स्लोभाकियाको समर्थनको त्यहाँ प्रधानमन्त्री रोबर्ट फिकोप्रति आभार व्यक्त गर्नु भएको छ। आज ब्रातिस्लावामा श्री फिलोसँग संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले मुक्त व्यापार सम्झौताको सफल समापन भारत-युरोपेली आर्थिक सम्बन्धमा महत्वपूर्ण हुने भन्दै यसले भारत र स्लोभाकिया बीच द्विपक्षीय आर्थिक सहयोगका नयाँ अवसरहरू खोल्ने बताउनुभयो । साझेदारीमा प्रविधिको बढ्दो भूमिकालाई उजागर गर्दै प्रधानमन्त्रीले डिजिटल प्रविधि दुई देशहरू बीच भविष्यको सहयोगको प्रमुख स्तम्भ हुने बताउनुभयो । उहाँले डिजिटल प्रविधिमा हस्ताक्षर गरिएको समझदारी पत्रले डिजिटल सार्वजनिक पूर्वाधार र नवप्रवर्तन नेतृत्वको सहकार्यमा नयाँ सम्भावनाहरू खोल्ले उल्लेख गर्नुभयो। । प्रधानमन्त्रीले भारत र स्लोभाकिया बीचको गहिरों सांस्कृतिक र जन-सम्बन्धलाई पनि जोड दिंदै, तिनीहरूलाई द्विपक्षीय सम्बन्धको लागि बलियो जगको रूपमा वर्णन गर्नुभयो।

विश्वव्यापी मुद्दाहरूमा, प्रधानमन्त्रीले, भारत र स्लोभाकिया अन्तर्राष्ट्रिय मञ्चमा घनिष्ठ समन्वयमा काम गरिरहेका छन् र सबै विवाद र तनावहरू शान्तिपूर्ण रूपमा समाधान गर्नुपर्छ भन्ने विश्वास साझा गर्छन् भन्नुभयो। रक्षा सहयोगबारे बोल्दै, प्रधानमन्त्री मोदीले भन्नुभयो, यो क्षेत्रले दुई देशहरू बीच बढ्दो पारस्परिक विश्वास र रणनीतिक तालमेललाई प्रतिबिम्बित

गर्दछ। रक्षा क्षेत्रमा हस्ताक्षर गरिएको आशय पत्रले संयुक्त विकास, संयुक्त उत्पादन र औद्योगिक सहयोगलाई ताजा गति प्रदान XBYTE 25454. गर्नेछ, श्री मोदीले भन्नुभयो।

## सीतारमण- अनाज

केन्द्रीय  वित्त मंत्री निर्मला सीतारामनले देशमा पर्याप्त खाद्यान्न भण्डार रहेको र एल निनोको दुष्प्रभाव भएतापनि खाद्यान्नको अभाव नहुने बताउनुभएको छ। आज नयाँ दिल्लीमा आयोजित माइन्डमाइन शिखर सम्मेलनमा बोल्दै यस वर्ष दक्षिण पश्चिम मनसुनको वर्षा सामान्यभन्दा कम हुने अपेक्षा गरिएको,  उहाँले भन्नुभयो। सुश्री सीतारामनले खरीफ बाली मौसमको लागि पर्याप्त मात्रामा उर्वरक उपलब्ध रहेको  भन्नुभयो।

## जेवर उड़ान

उत्तरप्रदेशको जेवरमा रहेको नोएडा अन्तर्राष्ट्रिय विमानस्थलले आज देखि व्यावसायिक उडान सञ्चालन शुरु गरेको छ, जुन देशको नागरिक उड्डयन क्षेत्रमा एक महत्वपूर्ण कोसेढुंगा हो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै नागरिक उड्डयन मन्त्री राममोहन नायडूले भन्नुभयो, पहिलो चरणमा विमानस्थलको वार्षिक क्षमता एक करोड़ बीस लाख यात्रुहरू हुनेछ भने निर्माण पूरा भएपछि यो क्षमता वार्षिक 7 करोड नाघ्ने अपेक्षा गरिएको छ। श्री नायडूले भन्नुभयो, विमानस्थलले घरेलू र अन्तर्राष्ट्रिय दुवै प्रकारका उडानहरुको सञ्चालन गर्नेछ। यो विमानस्थल प्रधानमन्त्री नरेन्द्र मोदीको देशभर कनेक्टिभिटी सुदृढ पार्ने र विश्वस्तरीय उड्डयन पूर्वाधार विकास गर्ने दृष्टिकोणको परिणाम हो, उहाँले भन्नुभयो। मन्त्रीले भन्नुभयो, यो परियोजना उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको नेतृत्वमा कार्यान्वयन गरिएको छ।

## अन्तर-मंत्रालयी संवाददाता सम्मेलन

सरकारले भनेको छ, सबै तेल शोधक संयंत्रहरू पर्याप्त कच्चा तेल को भण्डारसहित उच्च क्षमतामा सञ्चालनमा छन् र पेट्रोल तथा डिजेलको पर्याप्त भण्डार कायम राखेका छन्।

पश्चिम एशियामा हालैका घटनाक्रमहरूमा आज नयाँ दिल्लीमा अंतर-मंत्रालयी संवाददाता सम्मेलनमा पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले विगत चार दिनमा एक करोड 84 लाख सिलिन्डर वितरित गरिएको बताएकी छिन् । उनले भनिन्, सोही अवधिमा लगभग 24 हजार एक सय चौरासी टन व्यावसायिक एलपीजी बिक्री भएको छ।

उर्वरक विभागकी संयुक्त सचिव बन्दना प्रेयशीले भनिन् कि देशमा उर्वरकको समग्र भण्डार स्थिति सामान्य छ।

बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्रालयका निर्देशक ओपेश कुमार शर्माले भने कि 62 हजार 370 मेट्रिक टन भन्दा बढ़ी एलएनजी बोकेको मालवाहक जहाज दिशाले सुरक्षित रूपमा होर्मुज जलडमरूमध्य पार गरेको छ।

## ईरान- अमेरीका समझौता

अमेरीका र ईरान बीच एक सय सात दिन देखि जारी युद्ध समाप्त गर्नको लागी समझौता भएको छ। यसका साथै होर्मुज जलडमरूमद्य खोलिने छ र ईरानी बंदरगाहहरूबाट अमरीकी नाकाबंदी समाप्त हुनेछ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रंपले गए राति टुथ्र सोशल मिडिया प्लेटफार्ममा समझौता हुने घोषणा गर्नुभयो। शान्ति समझौता १९ जूनका दिन स्विटजरल्याण्डमा हस्ताझर हुनेछ।

## G7 शिखर सम्मेलन

**फ्रान्सेली शहर Evian ले आजदेखि 52औं G7 शिखर सम्मेलन आयोजना गरिरहेको छ। जेनेभा र ताल जेनेभा क्षेत्रसँगै Evian लाई शिखर सम्मेलनको लागि भर्चुअल सुरक्षा किल्लामा परिणत गरिएको छ, जुन बुधबारसम्म जारी रहनेछ ।**

## फिफा विश्वकप २०२६

फिफा विश्वकप २०२६ मा, आज स्पेनले अमेरिकाको एटलान्टा स्टेडियममा ग्रुप एछ को मैच मा काबो वर्डे विरूद्ध खेल्नेछ। खेल भारतीय समय अनुसार राति ९.३० बजे शुरू हुनेछ।

## ब्रिटेन – सोशल मीडिया

ब्रिटेन सरकार ने १६ वर्ष मुनिका बेलायती किशोरकिशोरीहरूलाई उच्च जोखिमयुक्त सामाजिक सञ्जाल प्लेटफर्महरूको प्रयोग गर्न माथि प्रतिबन्ध लगाएको छ।

प्रधानमन्त्री कीर स्टारमरले यो कदमलाई ठूलो झण रो रूपमा वर्णन गर्नुभयो। आधिकारिक बयानहरू अनुसार यी प्रतिबंध गेमिंग साइटहरू लगायत ऑनलाइन सेवाहरूको विस्तृत श्रंखलामा पनि लागू हुनेछ।

## अन्तरराष्ट्रीय योग दिवस शुभारंभ

आयुष मन्त्रालयले आज नयाँ दिल्लीमा १२ औं अन्तर्राष्ट्रिय योग दिवसको भव्य आयोजनका लागि औपचारिक कार्यक्रमहरूको शुभारंभ गर्यो। आयुष मंत्री प्रतापराव जाधवले मिडियालाई सम्बोधन गर्दै मुख्य कार्यक्रमको नेतृत्व प्रधानमन्त्री नरेन्द्र मोदीले कोलकाताको रेड रोडमा गर्नुहुने बताउनुभयो।

**1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज ब्रातिस्लावामा स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिको सँग संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मुक्त व्यापार सम्झौताको सफल समापन, भारत-युरोपेली आर्थिक सम्बन्धमा महत्वपूर्ण हुने भन्दै यसले भारत र स्लोभाकिया बीच द्विपक्षीय आर्थिक सहयोगका नयाँ अवसरहरू खोल्ने बताउनुभयो।**

**2. केन्द्रीय वित्त मंत्री निर्मला सीतारामनले देशमा पर्याप्त खाद्यान्न भण्डार रहेको र एल निनोको दुष्प्रभाव भएतापनि खाद्यान्नको अभाव नहुने बताउनुभएको छ।**

3. अमेरिका र ईरान बीच एक सय सात दिन देखि जारी युद्ध समाप्त गर्नको लागी समझौता भएको छ।

4. उत्तरप्रदेशको जेवरमा रहेको नोएडा अन्तर्राष्ट्रिय विमानस्थलले आज देखि व्यावसायिक उडान सञ्चालन शुरु गरेको छ।

5. सरकारले भनेको छ, सबै तेल शोधक संयंत्रहरू पर्याप्त कच्चा तेलको भण्डारसहित उच्च क्षमतामा सञ्चालनमा छन् र पेट्रोल तथा डिजेलको पर्याप्त भण्डार कायम राखेका छन्।

6. फिफा विश्वकप 2026 मा, आज अमेरिकाको एटलान्टा स्टेडियममा ग्रुप H को मैचमा स्पेनले काबो वर्डे विरुद्ध खेल्नेछ। खेल भारतीय समय अनुसार राति 9:30 बजे शुरु हुनेछ।